घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको १८औं बैठकको निर्णयहरु

मिति २०८०।३।१५

**निर्णय नं. १ :-**

मिति २०८०।३।४ गते बसेको कार्यपालिकाको १७औं बैठकमा भएको निर्णयहरुको स: गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :-**

यस गाउँपालिकाको चालु आ.ब. २०७९।८० को योजनाहरु १) मार्फा खोला तटबन्धन यो र २) छुम्वा जाने पुरानो पुल देखि धैति ठुलो ढुङ्गा सम्म कालीगण्डकी नदी तटबन्धन नि योजनाको ठेक्का पारी तोकिएको समय सम्ममा कामको प्रगति अतिनै न्युन रहेको र । पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत योजनाहरुको काम अघी नबढाएको साथै २ योजनाहरुको बजेट फ्रिज हुने भएकोले निर्माण कम्पनी भद्रकाली ईन्जिनियरिङ एण्ड बि पोखरा-१५ कास्की लाई कालो सूचीमा राखिदिनका लागि सार्वजनिक खरिद अनु कार्यालय, ताहाचल, काठमाण्डौ समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

यस कार्यालय र वडा कार्यालयहरुमा सञ्चालनमा रहेको राजश्व सफ्टवेयरको व्रा नवीकरण शुल्क रु.८०,०००।- सेवा प्रदाय संस्था Matrix Softech ललितपुर तथा यो सफ्वयरको रु.१,००,०००।- Software Hub Nepal ललितपुर लाई विविध/अन्य कार्य शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिका भित्र निर्माण हुने नयाँ भवनमा Building Energy Efficiency in Nepal भवन निर्माण सम्बन्धी Energy Efficient (EE) and Renewable Energy (RE) measures आवश्यकता अनुसार प्रयोग गर्न चाहने व्यक्ति वा संस्थालाई प्राविधिक रुपमा पुष्टाई गरी र अनुरुपको Energy Efficient building निर्माणको लागि सैद्रान्तिक स्वीकृति दिने निर्णय गरियो

**निर्णय नं. ५ :-**

यस कार्यालयको सामाजिक विकास शाखा रहेको श्रोत केन्द्र भवनलाई भाडामा लगाउ लागि न्युनतम मासिक भाडा दर रु.२५,०००।- कर बाहेक निर्धारण गर्ने र उक्त भ भाडामा लगाउन आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ६ :-

यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने ठेकेदार कम्पनी [illegible] निर्माण कार्य गर्ने सम्बन्धी माग गरेको म्याद थप उक्त छलफल हुँदा आगामी [illegible] गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :-

यस गाउँ कार्यपालिकाको मिति २०७९।६।९ को बैठकको निर्णय नं.११ अनुसार गत आ.ब.को मलेप प्रतिवेदनमा यस कार्यालयमा करारमा कार्यरत सहायक स्तर चौथो तहका श्री [illegible] थकालीले खाईपाई आएको स्थानीय भत्तालाई बेरुजु उल्लेख भएको भनी रोकिएकोमा आ.ब. २०७८।७९ को अन्तिम मलेप प्रतिवेदनमा बेरुजु सम्परीक्षण गरेको र बेरुजु उल्लेख नगरेकोले निजले खाईपाई आए बमोजिम नियमानुसार यस चालु आ.ब. को बाँकि अवधिको स्थानीय भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ :-

जनप्रतिनिधि र कर्मचारीले तोकिएको समयमा अनिवार्य रुपमा बुझाउनु पर्ने सम्पत्ति विवरण सम्बन्धी अख्तियार दुरुपयोग अनुसंधान आयोगको पत्र संख्या ६/०७९-८०(सम्पत्ति विवरण) च.नं.५९२२२ मिति २०८०।२।२३ गतेको प्राप्त पत्र बारे जानकारी भयो ।

निर्णय नं. ९ :-

मार्फा स्वास्थ्य चौकीमा कार्यरत स्वयंम् सेवक ल्याब असिस्टेन्ट श्री प्रदिप थकालीले प्रदान गरेको सेवाको मूल्याङ्कन गर्दै हाल सम्म निजलाई उपलब्ध गराई रहेको सेवा सुविधामा आगामी आ.ब. २०८०।८१ को श्रावण महिना देखि यस अगाडि दिएको भत्तालाई यथावत राखी रु.५०००।- थप आर्थिक सुविधा मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० :-

जोमसोम गाउँ भित्र रहेको कर्मचारी आवास भवन पुरानो भई उत्तर पट्टीको माटोको गाह्रो भत्किन थालेकोले तुरुन्तै मर्मत गर्नु पर्ने भएको हुँदा प्राविधिकबाट रु.४,१०,०००।- को ईस्टिमेट पेश भए बमोजिम वडा व्यवस्थापन शिर्षकबाट खर्च गर्ने गरी उक्त भवनलाई मर्मत संभार गर्ने निर्णय गरियो ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. ११ :-

जिल्ला प्रशासन कार्यालयबाट तयार हुने जिल्लाको दररेट सम्बन्धमा सुझाव माग भएको हुँदा आगामी आ.ब. २०८०।८१ को दररेटमा थाङका पेन्टिङ्को दररेट कायम गर्ने र हुङ्गा छपनीको लागि चलन चलतीको दररेट बमोजिम कायम गर्नु पर्ने सुझाव दिने निर्णय गरियो ।

निर्णय नं. १२ :-

चालु आ.ब. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्थानीय पाठ्यपुस्तक लेखन समितिको मिति २०७९।५।१ को बैठकबाट निर्णय भई अनुरोध भए बमोजिम कक्षा १,२ र ३ को पाठ्यपुस्तकको पाण्डुलिपि तयार गरे वापत श्री जनहित माध्यमिक विद्यालय जोमसोमका माध्यमिक तहका शिक्षक श्री कर्ण बहादुर थकालीलाई प्रति कक्षा रु.५०,०००।- को दरले हुने रु.१,५०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३ :-

मार्फा स्वास्थ्य चौकीको कर्मचारी दरबन्दी अनुसार हाल १ जना हे.अ. पद रिक्त रहेकोले उक्त रिक्त पदमा करार पदपुर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :-

कर्मचारीको समयपालना, अनुशासन, सार्वजनिक बिदाको दिन तथा कार्यालय समय अगाडि पछाडी बसेको तथा फिल्डमा खटिएको समय, कार्यक्षेत्र, कार्यबोझ एवंम् कार्यसम्पादनको स्तरलाई समेत दृष्टिगत गरी आ.ब. २०७८।७९ मा उपलब्ध गराएको प्रोत्साहन भत्ताको दर तथा गत आ.ब. को अवधिमा नबढ्ने गरी कार्यालयमा नयाँ हाजिर भएका कर्मचारीलाई समेत समेट्ने गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी सामान्य हेरफेर सहित चालु आ.ब.मा प्रोत्साहन सुविधा वापतको सुविधा भत्ता कार्यालयले उपलब्ध गराउने निर्णय गरियो । साथै आगामी दिनमा यस्तो कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई थप प्रभावकारी बनाउन हासिल हुने नतिजाको स्तरसँग प्रोत्साहन प्रणालीलाई आवद्ध गराउदै लैजाने समेत निर्णय गरियो ।

निर्णय नं. १५ :-

यस गाउँपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८ को अनुसूची-२(२) बमोजिम बसपार्क सञ्चालन तथा व्यवस्थापनको कार्यविधि तथा भू-उपयोग सम्बन्धी कार्यविधि पूर्वाधार विकास समितिले तयार गरी पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ :-

गाउँसभाको १२औं अधिवेशनको निर्णय अनुसार म.ले.प. प्रतिवेदन २०७८।७९ मा असुल उ गर्नु पर्ने बेरुजु फछ्र्यौटका लागि सम्बन्धित व्यक्ति, निर्माण कम्पनी वा निकायलाई पत्रा गर्ने तथा कागजात वा प्रमाण पेश गर्नु पर्ने बेरुजुको हकमा सम्बन्धित शाखाले यथार्थ प्रमाण कागजात संकलन गरी पेश्की/बेरुजु फछ्र्यौटका का लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ :-

गाउँपालिकाको ५ वटा विषयगत समितिहरुमा तपसिल बमोजिमका कर्मचारीहरुलाई स सचिवको जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल :-

१ आर्थिक विकास समिति : श्री आइत बहादुर थकाली, प.चि. अधिकृत (सातौं)

२ पूर्वाधार विकास समिति : श्री सकलदेव शर्मा, ईन्जिनियर, अधिकृत (सातौं)

३ सामाजिक विकास समिति : श्री हिमलाल शर्मा, शाखा अधिकृत

४ वातावरण तथा विपद् व्यवस्थापन समिति : श्री हरि पराजुली, ईन्जिनियर (छैटौं)

५ सुशासन तथा संस्थागत विकास समिति : श्री केदार सिंह थापा, अधिकृत (सातौं)

निर्णय नं. १८ :-

चालु आ.व.को संघीय सरकारको कार्यक्रम अन्तर्गत जोमसोममा निर्माण भएको ग्रेडिङ्ग स सहितको कोल्डस्टोर योजनामा जडान भएको जेनेरेटर, ए.सी. पेनल तथा सेड संरक्षण गर्नु देखिएको तर उक्त कार्य योजनाको ठेक्कामा नसमेटिएको हुँदा सोही योजनाको कन्टिजेन्सी रकम खर्च गर्ने गरी प्राविधिकको लगत ईस्टिमेट बमोजिमको संरक्षणको लागि पूर्वाधार निर्माण गर्ने नि गरियो ।

निर्णय नं. १९ :-

जोमसोम-ठिनी-ढुम्बा-चिमाङ-मार्फा सडकको IEE को सहमति लिने सन्दर्भमा जिल्ला पू कार्यालयको च.नं.२५० मिति २०७९।१२।१९ गतेको प्राप्त पत्रको सम्बन्धमा छलफल हुँदा ५ नं. कार्यालयको च.नं.३०९ मिति २०८०।२।११ गतेको पत्रमा उल्लेख भए अनुसार ठिनी गाउँ व्यक्तिगत घर जग्गाहरु पर्ने हुनाले आमा समुहको भवन देखि स्नो लियोपार्ड गुफा जाने गेट ६.२५ मीटर नाली सहित र थकाली सामुदायिक होमस्टे गेट देखि आमा समुहको भवनसम्म स्नो लियोपार्ड गुफा जाने गेट देखि छेतिन भकल धुम्तीसम्म ८ मीटर बाटो नाली सहित बाटो कायम गर्ने र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय, जोमसो च.नं.१८० मिति २०८०।३।१५ को पत्र अनुसार उक्त सडक निर्माण गर्दा प्रभावित हुने वन क्षे करिब ०.०७ वर्ग किलोमिटर रहेको भनी लेखि आएकोले सोही बमोजिम सिफारिस गर्ने नि गरियो ।